ओमसतिया गाउँपालिका
Omsatiya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
हाटी फर्साटिकर, रुपन्देही
Hati Pharsatikar, Rupandehi

५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

प.सं. / Ref No.
च.नं. / Dispatch No. ९९

मिति : २०७६/०८/०३

## प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत सूचीकृत बेरोजगार व्यक्तिको विवरण अद्यावधिक गराउने बारे सूचना

प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत यस गाउँपालिकाका सम्पूर्ण वडा कार्यालयबाट बेरोजगार व्यक्तिलाई भराइएको फारममा पारिवारिक विवरण र अन्य विवरण पूर्ण रुपले नभरिएको हुदा उक्त फारमलाई रोजगार व्यवस्थापन सूचना प्रणाली **(EMIS)** मा Entry गर्नुपर्ने हुदाँ र उक्त EMIS Software ले आंशिक विवरण भर्ने नभएकोले यस अघि कामका लागि पारिश्रमिकमा आधारित आयोजनामा संलग्न भएका र नभएका सबै बेरोजगार सूचीमा सूचीकृतहरुलाई यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र अनिवार्य रुपमा सम्बन्धित तपशिलका कागजातहरु सहित सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ ।

तपशिल :

१. एक प्रति पासपोर्ट साइजको रंगिन फोटो (बेरोजगार व्यक्तिको मात्र)
२. बेरोजगार व्यक्ति लगायत परिवारमा भएका सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि
३. नागरिकता प्रमाणपत्र नभएका परिवारका सदस्यहरुको हकमा जन्मदर्ताको प्रतिलिपि
४. शैक्षिक योग्यता र सीप भएको हकमा सोको प्रमाणपत्रको प्रतिलिपि
५. बसाईसराइ गरि आएकोमा बसाईसराई प्रमाण पत्रको प्रतिपिपि (बसाईसराई गरेको हकमा)
६. कुनै एक प्रमाण पत्रको प्रतिलिपिमा अनिवार्य रुपमा सम्पर्क नं. उल्लेख गर्नुपर्नेछ ।

पुनश्च :

रित नपुगेका बेरोजगार फारमको EMIS SYSTEM मा ENTRY नहुनेहुदाँ SYSTEM मा राख्न नसकिने बेरोजगार व्यक्ति/परिवारले न्यूनतम रोजगारी तथा न्यूनतम बेरोजगार भत्ताको लागि दाबि/विरोध गर्न नपाउने कुरा समेत जानकारी गराइन्छ ।

सम्पर्कको लागि :
दिनेश श्रीस
रोजगार संयोजक
सम्पर्क नं. ९८४५९४५५२१

टेकराज आचार्य (राजिव)
प्रमुख प्रशासकिय अधिकृत